# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ, फोन नं.०१-५३२०९१३, Website : www.skbbl.com.np

## २१ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/११/१९ गते)**

यस वित्तीय संस्थाको मिति २०७९ फाल्गुन १८ गते बसेको सञ्चालक समितिको ४६२ औं बैठकको निर्णयानुसार संस्थाको २१ औं वार्षिक साधारणसभामा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान

(१) मिति : २०७९ चैत्र १० गते (March 24, 2023) शुक्रबार

(२) समय : बिहान ११:०० बजे ।

(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) आ.व. २०७८/०७९ को लागि नियुक्त बाह्य लेखापरीक्षक CA. Sujan Kumar Kafle, Sujan Kafle and Associates को सट्टामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(५) बमोजिम CA. Laba Kumar Khatri लाई उक्त आ.व. २०७८/०७९ को लागि बाह्य लेखापरीक्षण नियुक्त गरी सम्बन्धित निकायमा जानकारी गराउने भनी सञ्चालक समितिको मिति २०७९/०५/२८ को बैठकबाट गरिएको निर्णय अनुमोदन गर्ने ।

(४) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पुँजीको १.३६८४२१०५३ प्रतिशतले हुने नगद लाभांश रु. २,१४,०७,७६६/८० वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(६) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को कार्यकाल थप गर्ने सम्बन्धमा सञ्चालक समितिको मिति २०७९/३/५ को निर्णय अनुमोदन गर्ने ।

(७) सञ्चालक समितिको म्याद थप सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. वित्तीय संस्थाको अधिकृत पुँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब मात्र) मा वृद्धि गरी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने सम्बन्धमा ।

२. यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बोनस शेयर वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने र कुल चुक्ता तथा जारी पुँजी रु. १,९७,११,६१,२९६/७८ कायम गरी सो सम्बन्धी प्रबन्धपत्रका दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने ।

३. "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (संशोधित २०७५) को विनियम ५ को उपविनियम (१) मा भएको व्यवस्था बमोजिम यस वित्तीय संस्थाको आगामी साधारण सभाबाट अनुमोदन प्राप्त गर्ने गरी सञ्चालक समितिको मिति

२०७९/३/२७ को निर्णयबाट यस वित्तीय संस्था र अन्य उपयुक्त वित्तीय संस्था वा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समझदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मूल्याङ्कनकर्ता SAR Associates को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायत गाभ्ने/गाभिने प्रक्रियाका सिलसिलामा भए गरेका निर्णय तथा सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने ।

५. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने प्रयोजनका लागि मूल्याङ्कनकर्ता SAR Associates बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मूल्य समेतका विषयहरुको आधारमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई ०.८७ कित्ता (१:०.८७) शेयर प्रदान गर्ने गरी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) गर्न स्वीकृति प्रदान गर्ने ।

६. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको नाम, उद्देश्य, कार्य, पुँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफाहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

७. आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. ७०,२७,०९७६९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,

**कम्पनी सचिव,**

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

# वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभा तथा बोनस शेयरको प्रयोजनार्थ संस्थाको शेयरधनी दर्ता किताब मिति २०७९/११/२८ गते बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९/११/२५ गते सम्म कारोबार भई शेयर धनी दर्ता किताबमा कायम शेयर धनीहरुले यो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् ।

(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेशपत्र साथमा लिई आउनु हुन अनुरोध छ । कथंकदाचित सो सम्भव नभए शेयर धनी प्रमाणपत्र वा डिम्याट नं. र परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाईने छैन । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयर धनी महानुभावहरु सभा स्थलमा आउँदा झोला लगायतका वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिएको छ ।

(४) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु संस्थाको वेबसाइट www.skbbl.com.np मा समेत उपलब्ध छ । साथै यस सम्बन्धी विवरणहरु संस्थाको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं तथा शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौंमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

(५) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिईनेछ ।

(६) विविध शीर्षक अन्तरगत संस्था सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयर धनी महानुभावहरुले सभा हुनुभन्दा कम्तीमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन । प्रतिनिधि पत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति संस्थाको शेयर धनी हुनु पर्नेछ ।

(७) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ३ (तीन) दिन अर्थात ७२ घण्टा अगावै शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौंमा तोकिएको समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एकै शेयर धनीले एकभन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) दिएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस् भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्रसाथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयर धनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) दिई पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एकभन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन ।

(८) नाबालक वा विक्षिप्त अवस्थाका शेयर धनीका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ । तर संरक्षकले आफू संरक्षक रहेको शेयर धनीको बाहेक अन्य शेयर धनीको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

(९) प्रतिनिधि (प्रोक्सी) मुकरर गरिसक्नु भएका शेयर धनी आफैं सभामा उपस्थित भई हाँजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भए तापनि प्रोक्सी स्वत: बदर हुनेछ ।

(१०) संयुक्त नाममा शेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकरर गरिएको व्यक्तिले अथवा शेयर धनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ ।

(११) कुनै बैंक, वित्त कम्पनी, गुठी, सहकारी, संघ संस्था वा कम्पनीले यस वित्तीय सस्थाको शेयर खरिद गरेको अवस्थामा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन, सञ्चालक उमेद्वारी दिन र मतदान गर्न पाउनेछ ।

(१२) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ ।

(१३) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, बबरमहल काठमाडौँमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

## कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण

आदरणीय शेयरधनी महानुभावहरू, यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को २१ औं वार्षिक साधारण सभाको प्रयोजनार्थ यस लघुवित्त वित्तीय संस्थाको आ.व. २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत आर्थिक कारोवारको सिंहावलोकन, भविष्यका योजनाहरू र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका मुख्य कैफियतहरू समेत उल्लेख गरी सञ्चालक समितिको निर्णयानुसार देहायको संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन गरिएको छ ।

### (क) वित्तीय संस्थाको कारोवार तथा वित्तीय स्थिति

मुलुकको समग्र आर्थिक परिवेशमा भएको विकास र लघुवित्त क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो वित्तीय संस्था लघुवित्तको सेवा विस्तार गर्दै वित्तीय स्थितिमा उल्लेखनीय सुधार गर्न सफल भएको छ । यस वित्तीय संस्थाले आ.व. २०७८/७९ मा ९३४३५ थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल ९,८७,८२८ परिवारलाई लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ । अघिल्लो आ.व. सम्म यस वित्तीय संस्थामा कुल १२३३ सहकारीहरू आवद्ध रहेकामा सो संख्या १३०९ पुगेको छ । जसमध्ये ३०१ वटा संस्था नेपाल राष्ट्र बैंकबाट हस्तान्तरित ग्रामीण स्वावलम्बन कोषसँग सम्बन्धित छन् ।

आ.व. २०७७/७८ को अन्तमा कुल लगानीमा रहेको रकम रु. २४ अर्व ५३ करोड ७० लाख रहेकोमा समीक्षा वर्षमा २२।३५ प्रतिशतले वृद्धि भई २०७९ असार मसान्तमा रु. ३० अर्व ०२ करोड २० लाख पुगेको छ । साथै आ.व. २०७७/७८ मा रु. २० अर्व ३८ करोड ९७ लाख कर्जा लगानी गरेकोमा समीक्षा वर्षमा ९.७५ प्रतिशतले वृद्धि भई रु. २२ अर्व ३७ करोड ८४ लाख एवम् कर्जा असूलीमा समीक्षा वर्षमा १.९३ प्रतिशतले ह्रास भई कर्जा असूली रु. १६ अर्व ८९ करोड ३४ लाख पुगेको छ ।

आ.व. २०७७/७८ मा कुल सञ्चालन आम्दानी रु. १ अरब २१ करोड ७५ लाख रहेकोमा आ.व. २०७८/७९ मा १०.०५ प्रतिशतले वृद्धि भई रु. १ अरब ३४ करोड ०१ लाख पुगेको छ। साथै आ.व. २०७७/७८ मा खुद मुनाफा रु. ६० करोड ३० लाख रहेकोमा आ.व. २०७८/७९ मा १५.६२ प्रतिशतले वद्धि भई रु. ६९ करोड ७३ लाख पुगेको छ । २०७९ असार मसान्तमा बैंकको सञ्चित नाफा रु. ८२ करोड ९१ लाख रहेको थियो । सञ्चालक समितिबाट साधारणसभा समक्ष आ.व.२०७८/७९ मा रु. ४०६,७४७,५६९.१८ (अक्षेरपी चालीस करोड सत्सठ्ठी लाख सरचालीस हजार पाँच सय उनन्सत्तरी रुपैंया, अठाह्र पैसा मात्र) बराबरको बोनस शेयर र रु. २१,४०७,७६६.८० (अक्षेरेपी दुई करोड चौध लाख सात हजार सात सय छैसठी रुपैंया, अस्सी पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) वितरणका लागि प्रस्ताव गरिएको छ । लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर सञ्चालक समितिबाट प्रत्युत्तर पठाए पश्चात मिति २०७७/८/१९ मा प्राप्त यस संस्थाको लेखापरीक्षण प्रतिवेदन अनुसारको वित्तीय विवरणको सारांश तालिका-१, २ र ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका-१**

**Statement of Financial Position**

| Particular | Notes | 32nd Ashar 2079 | 31st Ashad 2078 |
|---|---|---|---|
| Cash & Cash Equivalent | 4.1 | 913,900,124.45 | 1,858,947,877.82 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 4.2 | 126,960,046.37 | 123,960,046.37 |
| Placement with Banks & Financial Institutions | 4.3 | - | - |
| Derivative Financial Instruments | 4.4 | - | - |
| Other Trading Assets | 4.5 | - | - |
| Loan and Advances to MFIs & Cooperatives | 4.6 | 29,311,585,863.08 | 23,882,445,622.21 |
| Loan & advances to customers | 4.7 | 39,961,303.76 | 32,042,601.54 |
| Investment Securities | 4.8 | 261,310,000.00 | 141,424,161.00 |
| Current Tax Assets | 4.9 | 14,386,138.84 | 9,266,844.92 |
| Investment Property | 4.10 | - | - |
| Property and Equipment | 4.11 | 48,908,655.40 | 17,712,750.46 |
| Goodwill and Intangible assets | 4.12 | 1,038,078.27 | 1,002,671.60 |
| Deferred tax assets | 4.13 | 28,728,902.24 | 21,380,694.99 |
| Other assets | 4.14 | 32,300,209.14 | 38,443,621.98 |
| **Total Assets** | | **30,779,079,321.54** | **26,126,626,893.16** |

| Liabilities | | | |
|---|---|---|---|
| Due to Bank & Financial Institutions | 4.15 | 8,086,472,693.25 | 7,103,166,638.53 |
| Due to Nepal Rastra Bank | 4.16 | 118,622,224.78 | 120,526,835.32 |
| Derivative Financial Instrument | 4.17 | - | - |
| Deposits from Customers | 4.18 | - | - |
| Borrowing | 4.19 | 16,304,371,659.98 | 13,093,100,221.06 |
| Current Tax Liabilities | 4.9 | - | - |
| Provisions | 4.20 | - | - |
| Deferred Tax Liabilities | 4.13 | - | - |
| Other liabilities | 4.21 | 2,112,006,776.60 | 2,288,716,861.41 |
| Debt Securities Issued | 4.22 | - | - |
| Subordinated Liabilities | 4.23 | - | - |
| **Total Liabilities** | | **26,621,473,354.61** | **22,605,510,556.32** |
| **Equity** | | | |
| Share Capital | 4.24 | 1,564,413,727.60 | 1,251,530,982.08 |
| Share Premium | | 18,269,713.60 | 18,269,713.60 |
| Retained Earnings | | 829,136,748.98 | 789,069,158.63 |
| Reserves | 4.25 | 1,745,785,776.75 | 1,462,246,482.53 |
| **Total Equity** | | **4,157,605,966.93** | **3,521,116,336.84** |
| **Total Liabilities & Equity** | | **30,779,079,321.54** | **26,126,626,893.16** |
| Contingent Liabilities and Commitment | 4.26 | 7,346,821.79 | - |
| Net assets value per share | | **265.76** | **225.24** |

## तालिका-२

## Statement of Profit or Loss

| Particular | Notes | 32nd Ashar 2079 | 31st Ashad 2078 |
|---|---|---|---|
| Interest Income | 4.27 | 2,271,699,015.00 | 1,889,138,949.73 |
| Interest Expense | 4.28 | (931,839,123.63) | (671,811,716.83) |
| **Net Interest Income** | | **1,339,859,891.37** | **1,217,327,232.90** |
| Fees & Commission Income | 4.29 | - | - |
| Fees & Commission Expense | 4.30 | - | - |
| **Net Fee & Commission Income** | | **-** | **-** |
| **Net Interest, Fee & Commission Income** | | **1,339,859,891.37** | **1,217,327,232.90** |
| Net Trading Income | 4.31 | - | - |
| Other Operating Income | 4.32 | 279,063.07 | 423,242.79 |
| **Total Operating Income** | | **1,340,138,954.44** | **1,217,750,475.69** |
| Impairment (Charge)/ reversal for loans & other losses | 4.33 | (55,883,919.53) | (105,715,993.50) |
| **Net Operating Income** | | **1,284,255,034.91** | **1,112,034,482.19** |
| Personnel Expenses | 4.34 | (209,243,583.82) | (187,496,857.03) |
| Other Operating expenses | 4.35 | (62,506,389.35) | (50,357,130.04) |
| Depreciation & Amortization | 4.36 | (17,246,411.38) | (6,641,242.98) |
| **Operating Profit** | | **995,258,650.36** | **867,539,252.14** |
| Non-Operating Income | 4.37 | 2,247,987.33 | 1,003,414.34 |
| Non-Operating Expense | 4.38 | - | - |
| **Profit before Income Tax** | | **997,506,637.69** | **868,542,666.47** |
| Income Tax Expense | 4.39 | (300,163,799.99) | (265,430,824.28) |
| Current tax | | (307,048,896.65) | (270,406,162.50) |
| Deferred tax | | 6,885,096.65 | 4,975,338.23 |
| **Profit for the year** | | **697,342,837.70** | **603,111,842.20** |
| **Profit attribute to:** | | | |
| Equity holder of the Financial Institution | | **697,342,837.70** | **603,111,842.20** |
| **Profit for the year** | | **697,342,837.70** | **603,111,842.20** |

तालिका-३ मा महत्वपूर्ण वित्तीय सूचकहरू प्रस्तुत गरिएको छ ।

**तालिका-३ केही महत्वपूर्ण वित्तीय सूचकहरू**

| क्रसं | विवरण | सूचकाङ्क | आ.व.७८/७९ | आ.व.७७/७८ |
|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | ३०.६९ | ३२.३९ |
| २ | प्रति शेयर आम्दानी | रु. | ४४.५८ | ४८.१९ |
| ३ | व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | ८.१२ | ७.७५ |
| ४ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ८.४४ | ७.१३ |
| ५ | कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ३.७५ | ३.०७ |
| ६ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | ११२.६३ | १२२.१४ |
| ७ | खुद नाफा/कुल सम्पत्ति | अनुपात | २.२७ | २.३४ |
| ८ | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ४.१५ | ४.३० |
| ९ | बुक नेटवर्थ (प्रति शेयर) | रु. | २६५.७६ | २८१.३४ |

## चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिको प्रगति

आ.व.२०७८/७९ को असोज मसान्तको खुद मुनाफा रु. १६ करोड ४१ लाख रहेकोमा चालु आ.व. २०७९/८० को असोज मसान्तमा रु. २३ करोड २८ लाख हुन गएको छ । २०७८ को असोजमा खुद कर्जा तथा सापट रु. २४ अर्ब ३४ करोड ९८ लाख रहेकोमा २०७९ साल असोज मसान्त सम्ममा रु. २९ अर्ब ८९ करोड ३४ लाख पुगेको छ । २०७८ असोजमा कुल निष्क्रिय कर्जाको ०.६६ प्रतिशत रहेकोमा २०७९ साल असोज मसान्तमा ०.७५ प्रतिशत भएको छ ।

### (ख) भविष्यका योजनाहरू

यस वित्तीय संस्थाको भविष्यका योजनाहरू निम्नानुसार रहेका छन् :-

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका क्षेत्रहरूमा वित्तीय सेवा विस्तारका लागि क्रमश: कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

(२) लघुवित्त सेवाबाट बञ्चित वर्ग आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिलाको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरूलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा तथा तरकारी खेती कर्जा कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिनेछ ।

(४) समृद्धि परियोजना अन्तरगत प्रदेश नं. १ र प्रदेश नं. २ का सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ ।

(५) सिप परियोजना अन्तर्गत यस वित्तीय संस्थाका इलाका कार्यालयहरू बर्दिबास, बुटवल र नेपालगञ्जको कार्यक्षेत्र भित्रका २०५ वटा साझेदार संस्थाहरूको सदस्य परिवारबाट वैदेशिक रोजगारीमा जाने वा वैदेशिक रोजगारबाट फर्कीसकेका युवाहरूको सीप विकास गरी उद्यमशील कर्जामा पहुँच बढाइनेछ ।

(६) यस वित्तीय संस्थाको नेतृत्वमा विपन्न तथा साना किसानहरूलाई कृषि मूल्यश्रृङ्खलाका विविध पक्षहरूमा सहभागी गराई सहकारी मार्फत ग्रामीण उद्यम स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरूसँगको समन्वयमा सञ्चालित ग्रामीण उद्यम कर्जा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरिनेछ ।

(७) वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरू पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(८) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(९) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिनेछ ।

(१०) विपन्न तथा साना किसानहरूमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवम् पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना प्रविधिको स्थापना र उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ ।

(११) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै वित्तीय संस्थाको मुनाफामा वृद्धि गरी शेयरधनीहरूलाई यथोचित प्रतिफल उपलब्ध गराइनेछ ।

(१२) कृषिको रुपान्तरण तथा उद्यमशील संस्कृतीको विकासमा सघाउ पुऱ्याउन साना किसान सहकारी संस्थाहरूमा सफल कार्यक्रमहरू अनुसरण गर्ने व्यवस्था समेत मिलाइनेछ ।

(१३) विगतदेखि अनुसरण कार्यक्रमबाट स्थापना भई सञ्चालनमा रहेका परिपक्व सहकारी संस्थाहरूलाई मापदण्डको आधारमा वित्तीय संस्थासँगको कारोबारमा आवद्ध गराउँदै लगिनेछ ।

(१४) वित्तीय र व्यावसायिक रुपमा सक्षम भइसकेको साना किसान सदस्यहरूको व्यावसायिक आवश्यकतानुरुप अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग समेत सहकार्य हुन सक्ने गरी "साना किसानहरूको स्तरोन्नती" नीति तर्जुमा गरी लागु गरिनेछ ।

(१५) वित्तीय संस्थाले स्वीकृत गरेको खरिद गुरुयोजनालाई आधारमानी वित्तीय संस्थाको केन्द्रीय कार्यालय भवन प्रयोजनका लागि जग्गा वा घरजग्गा खरिद गर्ने प्रकृया अघि बढाईनेछ ।

(१६) कृषिको रूपान्तरणमा युवाहरूको योगदान थप प्रभावकारी बनाउन साना किसान परिवारका युवाहरूलाई इजरायलको आधुनिक कृषि प्रविधि सिक्न पठाईदै आएको Learn and Earn Program लाई निरन्तरता दिन प्रयास गरिनेछ ।

(१७) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनासँग समन्वय गरी उपयुक्त क्षेत्रहरूमा धान, गहुँ, आँप, केरा, चिया, तरकारी, आलु, तेलहन, दलहन, पशुपालन र माछा आदि जस्ता कृषि उपजमा व्यावसायिक रुपमा केन्द्रित हुने गरी पकेट परियोजना सञ्चालन गर्न सहकार्यको प्रयास गरिनेछ ।

(१८) प्रदेश सरकारहरूसँग सहकार्य गरी सुलभ कर्जा पहुँचका लागि कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

(१९) वित्तीय पहुँच विस्तार, पुँजी कोषको सबलीकरण,कृषि एवम् उद्यम क्षेत्रमा विसिष्टिकृत सेवा प्रदायक संस्थाबन्ने उद्देश्यले आवश्यक भएमा उपयुक्त लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने (Merger) प्रक्रिया अघि बढाइनेछ ।

## (ग) लेखापरीक्षकको मन्तव्य

वित्तिय संस्थाको असार मसान्त २०७९ को वासलात, उक्त मितिमा सम्पन्न आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरूमा लेखापरीक्षकबाट नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन अनुसार यथार्थपरक रहेको राय सहितको प्रतिवेदन रहेको छ ।

## (घ) संक्षिप्त वार्षिक आर्थिक विवरणमा उल्लेख गर्नु पर्ने अन्य कुरा :

- संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।
- माथि उल्लेखित संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र प्रचलित नियमानुसार तयार पारिएको छ ।
- लेखापरीक्षकले लेखापरीक्षण क्रममा कम्पनीको कारोबार सम्बद्ध बाहेक अन्य कैफियतहरू उल्लेख नगरेको ।
- कम्पनीको लेखा तथा लेखा सम्बन्धी विवरणहरू पूर्ण रहेको, कम्पनीको लेखा सम्बन्धी अभिलेखको विवरणसँग दुरुस्त रहेको र लेखापरीक्षकले माग गरे बमोजिमको आवश्यक सूचना, स्पष्टिकरण एवम् विवरणहरू उपलब्ध गराईएको व्यहोरा प्रतिवेदनमा उल्लेख भएको ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
साविकको नाम : साना किसान विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)
**केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**